# भागेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

## भाग - २

## विद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०७९

**गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०९।२७**

**प्रस्तावनाः**

सामुदायिक विद्यालयमा गाउँपालिकाबाट उपलब्ध हुने अनुदानको आधार तय गर्न,अनुदानको उच्चतम उपयोगमा सघाउ पुऱ्याउन तथा विद्यालयहरुको वित्तीय सुशासन, पारदर्शिता तथा ब्यबस्थापनमा सुधार ल्याई गुणस्तरीय शिक्षाको प्रत्याभूतिका लागि सहजीकरण गर्न आवश्यक देखिएकाले भागेश्वर गाउँपालिका शिक्षा ऐन, २०७९ को दफा ६६ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी भागेश्वर गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१ संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यो कार्यविधिको नाम विद्यालय अनुदान व्यवस्थापन कार्यविधि,२०७९ रहेको छ।

१.२ यो कार्यविधि भागेश्वर गाउँपालिकामा संचालनमा रहेका सामुदायिक विद्यालयहरुमा तुरुन्त लागु हुनेछ।

**२. परिभाषा, बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,**

२.१ “सशर्त अनुदान" भन्नाले विद्यालयहरुलाई दिईने शिक्षक तलब भत्ता, विद्यालय कर्मचारीहरुको तलब भत्ता, निःशुल्क पाठ्यपुस्तक, विद्यालय ब्यबस्थापन खर्च तथा छात्रवृत्तिलाई सम्झनु पर्दछ । साथै विद्यालयहरुको पूर्वाधार विकासका लागि शिर्षक तोकी समय समयमा प्राप्त हुने अनुदान समेतलाई जनाउने छ।

२.२ “एकमुष्ठ अनुदान" भन्नाले हालसम्म कुनै पनि स्वीकृत शिक्षक दरवन्दी, राहत शिक्षक अनुदान प्राप्त नगरेका विद्यालयलाई प्राप्त हुने अनुदानलाई सम्झनु पर्दछ। तर विद्यार्थी संख्या बढी भएको विद्यालयमा समेत सो अनुदान

दिन सकिनेछ । यसरी शिक्षक भर्ना गर्दा शिक्षा ऐन तथा नियमावलीको परिधिभित्र रही गर्नुपर्नेछ । साथै यसले विद्यालयको समग्र पक्षको विकासका लागि प्रचलित कानुनको परिधिभित्र रही विद्यालय व्यवस्थापन समितिले अद्यावधिक विद्यालय सुधार योजनाको आधारमा आफै प्राथमिकता निर्धारण गरी खर्च गर्न सक्ने गरि विद्यालयलाई प्राप्त हुने अनुदान समेतलाई जनाउने छ ।

२.३ "कार्यसम्पादनमा आधारित अनुदान" भन्नाले विद्यालयले हासिल गरेको उपलब्धिको आधारमा विद्यालयको थप क्षमता अभिवृद्धि गर्न सशर्त अनुदान, एकमुष्ठ अनुदान तथा अतिरिक्त दिइने थप अनुदानलाई जनाउने छ ।

२.४ "विज्ञान विषय संचालन गर्ने विद्यालयलाई अनुदान" भन्नाले कक्षा ११ र १२ मा विज्ञान विषयको अध्यापन गराउने सामुदायिक विद्यालयलाई अन्य अनुदानका अतिरिक्त दिइने थप अनुदानलाई जनाउने छ ।

२.५ "प्राविधिक तथा व्यवसायिक माध्यमिक विद्यालय संचालन गर्ने विद्यालयलाई अनुदान" भन्नाले कक्षा ९ देखि प्राविधिक तथा ब्यबसायिक विषयको अध्यापन गराउने सामुदायिक माध्यामिक विद्यालयलाई दिइने थप अनुदानलाई जनाउने छ । यसरी प्राप्त हुने अनुदान बाट विद्यालयले शिक्षक दरबन्दी प्राप्त नहुञ्जेल सोही शिर्षकबाट शिक्षक भर्ना गर्न सक्नेछन तथा विद्यालय व्यबस्थापन समितिको निर्णय अनुसार अन्य व्यबस्थापकीय पक्षमा खर्च गर्न पाउनेछन ।

२.६ "ऐन" भन्नाले भागेश्वोर गाउँपालिका शिक्षा ऐन, २०७९ लाई जनाउने छ ।

२.७ "मन्त्रालय" भन्नाले शिक्षा मन्त्रालयलाई जनाउने छ ।

२.८ "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई जनाउने छ ।

२.९ "प्राविधिक विद्यालय" भन्नाले नेपाल सरकारबाट छनौट भएको कक्षा ९ देखि १२ सम्म प्राविधिक तथा ब्यबसायिक विषयको अध्यापन गराउने सामुदायिक माध्यामिक विद्यालयलाई जनाउने छ ।

२.१० "नमुना विद्यालय" भन्नाले नेपाल सरकारले नमुना विद्यालय ब्यवस्थापन निर्देशिका २०७४ वमोजिम छनौट, विकास तथा व्यवस्थापन भएका विद्यालयलाई जनाउने छ

## परिच्छेद- २

३. उद्देश्य – यो कार्यविधि विद्यालयलाई दिइने अनुदानलाई ब्यबस्थित गर्न तथा विद्यालयले विद्यालय सुधार योजना बनाई कार्यान्वयन गर्ने क्रममा विद्यालय ब्यबस्थापन समिति र सहयोग गर्ने साझेदारहरुको मार्गदर्शन हुनेछ । यो कार्यविधि जारी गर्नुका उदेश्यहरु देहायबमोजिम छनः

३.१ उपलब्ध स्रोत र साधनको सुनिश्चित परिचालनमा विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार तथा अधिकार सम्पन्न बनाइ गुणस्तरयुक्त शैक्षिक वातावरण तयार गर्न सघाउ पुऱ्याउनु ।

३.२ विद्यालय स्तरीय सूचकका आधारमा विद्यालय अनुदानलाई विद्यालयको प्रगतिसंग आवद्ध गर्नु ।

३.३ अनुदान पद्धतिका माध्यमबाट विद्यालयलाई सरोकारवालहरुसंग सहकार्य गरी स्वमूल्यांकन गर्न अभिप्रेरित गर्नु ।

३.४ विद्यालयले प्राप्त गर्ने अनुदानलाई अनुमानयोग्य र पारदर्शी वनाउनु ।

३.५ विद्यालयमा हुने आर्थिक गतिविधिलाई पारदर्शी बनाई वित्तिय सुशासन कायम गर्नु ।

## परिच्छेद - ३

विद्यालय अनुदानका आधारहरु

४. विद्यालय अनुदान : विद्यालयलाई दिइने अनुदान देहाय बमोजिमका हुनेछन ।

४.१. सशर्त अनुदान- स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरु, राहत अनुदानमा कार्यरत सबै शिक्षकहरु, प्रारम्भिक बालविकास शिक्षकहरु, विद्यालयमा कार्यरत कर्मचारीहरुको तलब भत्ता सशर्त अनुदानको रुपमा उपलब्ध हुने छ। यसका साथै नि:शुल्क पाठ्यपुस्तक, विभिन्न प्रकारका छात्रवृत्ति, विद्यालय ब्यबस्थापन अनुदान तथा समय समयमा विद्यालय भौतिक सुधार सम्बन्धि कार्यक्रमका लागि ससर्त अनुदान उपलब्ध हुनेछ।

४.२ एकमुष्ट अनुदान- सामुदायिक विद्यालयको सर्वपक्षिय विकासमा सघाउ पुऱ्याउन तथा विद्यालय सुधार योजना कार्यान्वयनका लागि विद्यार्थी संख्याका आधारमा विद्यालयलाई एकमुष्ठ अनुदान उपलब्ध हुनेछ। सरकारबाट कुनै पनि शिक्षक दरवन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेको विद्यालयले भविष्यमा शिक्षक दरवन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरुन्जेलसम्म त्यस्ता विद्यालय संचालनका लागि एकमुष्ठ अनुदान उपलब्ध गराउन सकिनेछ। साथै हालसम्म वालविकास कक्षा संचालन नभएका विद्यालयलाइ आवश्यकताको मूल्याङ्कन गरी वालविकास कक्षा संचालन गर्न त्यस्ता सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान उपलब्ध गराउन सकिनेछ।

४.२.१ विज्ञान विषय संचालन गर्ने विद्यालयलाई अनुदान - कक्षा ११ र १२ मा विज्ञान विषयको अध्यापन गराउने सामुदायिक विद्यालयलाई अन्य अनुदानका अतिरिक्त थप अनुदान उपलब्ध हुने छ।

४.२.२ प्राविधिक तथा ब्यबसायिक माध्यमिक विद्यालय संचालन गर्ने विद्यालयलाई अनुदान - कक्षा ९ देखि १२ सम्म ब्यबसायिक विषयको अध्यापन गर्ने सामुदायिक माध्यमिक विद्यालयलाई थप अनुदान उपलब्ध हुनेछ।

४.२.३ नमुना विद्यालयलाई प्रवर्द्धनात्मक कार्य संचालनका लागि अनुदान – नेपाल सरकारले नमुना विद्यालय भनि निर्णय गरेको विद्यालयलाई विद्यालयले पेश गरेको प्रस्तावका आधारमा प्रवर्द्धनात्मक कार्य संचालनका लागि थप अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

४.२.४ एक जना मात्र शिक्षक भएका तथा बहुकक्षा शिक्षण सिकाइ गर्ने विद्यालयलाई ब्यबस्थापन अनुदान - एक जना मात्र शिक्षक भएका बहुकक्षा शिक्षण सिकाइ गर्ने विद्यालयलाई संचालन ब्यबस्थापनमा थप सहज बनाउन वार्षिक एकमुष्ठ अनुदान उपलब्ध गराउन सकिनेछ।

४.२.५ वहु भाषिक शिक्षण गर्ने विद्यालयका लागि अनुदान – नेपाली भाषा सहित अन्य भाषामा समेत अध्यापन गराउने विद्यालयका लागि नियमित अनुदानका अतिरिक्त थप वार्षिक एकमुष्ठ अनुदान उपलब्ध गराउन सकिनेछ।

४.३ कार्यसम्पादनमा आधारित अनुदान – विद्यालयले सम्पादन गरेको काम र हासिल गरेको उपलब्धिलाई थप प्रोत्साहित गरी गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि माथि उल्लेखित अनुदानका अतिरिक्त प्रोत्साहन अनुदान उपलब्ध हुनेछ । विद्यालयको कार्यसम्पादन मापन तथा अनुदान प्राप्त गर्ने आधार गाउँशिक्षा समितिले तोकेबमोजिम हुनेछ।

## परिच्छेद - ४

## अनुदान प्राप्त गर्न पुरा गर्नुपर्ने अनिवार्य शर्तहरु

५. अनुदान प्राप्त गर्न पुरा गर्नुपर्ने अनिवार्य शर्तहरु देहाय वमोजिम रहेका छनः

५.१ सशर्त तथा एकमुष्ट अनुदान - अनुदान प्राप्त गर्ने प्रत्येक विद्यालयले देहायका कार्यहरु अनिवार्य रुपमा गर्नुपर्ने छ।

(क) विद्यालय सुधार योजनाः प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको शैक्षिक, भौतिक, आर्थिक तथा व्यवस्थापकिय पक्ष सुधारका कार्यक्रम समेटिएको अद्यावधिक विद्यालय सुधार योजना तयार गर्नुपर्नेछ र प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्नेछ।

(ख) लेखा परीक्षण तथा सामाजिक परीक्षणः प्रत्येक विद्यालयले आफ्नो हरेक वर्षको वार्षिक आर्थिक कारोवारको नियमित रुपमा लेखापरीक्षण एवम् विद्यालयको सम्पूर्ण वार्षिक क्रियाकलापहरुको सामाजिक परीक्षण गरी

प्रतिबेदन गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ । विद्यालयमा निकासा हुने अनुदान रकमलाई लेखापरीक्षण तथा सामाजिक परीक्षणको प्रतिबेदनसंग आवद्ध बनाइने छ ।

(ग) विद्यालयको वार्षिक कार्ययोजनाः विद्यालय सुधार योजनाका आधारमा प्रत्येक विद्यालयले आफ्नो लक्ष्य तथा बजेट सहितको वार्षिक कार्ययोजना तयार गर्नुपर्नेछ ।

(घ) प्रतिवेदन सम्प्रेषणः प्रत्येक विद्यालयले तोकिएका प्रतिवेदनहरु, वार्षिक लेखापरीक्षण प्रतिवेदन, सामाजिक परिक्षण प्रतिवेदन, मासिक तथा त्रैमासिक प्रतिवेदनहरु तयार गरी गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ ।

(ङ) तथ्यांक व्यवस्थापनः प्रत्येक विद्यालयले हरेक शैक्षिक सत्रको शुरु तथा अन्त्यमा तोकिए बमोजिमको शैक्षिक तथ्यांक IEMIS भरी सोको जानकारी गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

५ .२ कार्यसम्पादनमा आधारित अनुदान - कार्यसम्पादनमा आधारित अनुदान प्राप्त गर्नका लागि निम्न सूचकका न्युनतम अंक प्राप्त गरेको हुनुपर्नेछ ।

(क) विद्यार्थीले हासिल गरेको औसत सिकाइ उपलब्धि,

(ख) विद्यालयको आन्तरिक सक्षमतको अवस्था,

(ग) विद्यालय व्यवस्थापन समितिको गठन तथा बैठक

(घ) सामाजिक परीक्षण,

(ङ) विद्यालय सुधार योजना तथा वार्षिक अद्यावधिकरण,

(च) पाठ्यपुस्तकको उपलब्धता

(छ) लेखा परिक्षण

(ज) मासिक तथा त्रैमासिक प्रतिवेदन सम्प्रेषण

(झ) शिक्षकको उपस्थिति र शिक्षण सिकाइ समय परिपालना

(ञ) विद्यालयको वार्षिक शैक्षिक योजना निर्माण र कार्यान्वयन

(ट) नियमित रुपमा शैक्षिक योजना डायरीको प्रयोग तथा अतिरिक्त क्रियाकलाप सञ्चालन

## परिच्छेद - ५
## अनुदान माग र निकासा प्रक्रिया

६. अनुदान प्राप्त गर्ने सम्बन्धि व्यवस्था

६.१ स्व-मुल्यांकन सम्बन्धि व्यवस्था

६.१.१ विद्यालयले सशर्त अनुदान प्राप्त गर्नका लागि गाउँपालिकामा विवरण पेश गर्नुपर्नेछ ।

६.१.२ विद्यालयले एकमुष्ठ अनुदान प्राप्त गर्नका लागि गाउँपालिकामा विवरण पेश गर्नुपर्ने छ ।

६.१.३ विद्यालयले कार्यसम्पादनमा आधारित अनुदान प्राप्त गर्नका लागि गाउँपालिकामा विवरण पेश गर्नुपर्नेछ । उपर्युक्तानुसारका एकमुष्ठ अनुदान र कार्यसम्पादनमा आधारित अनुदान माग गर्नका लागि विद्यालय व्यबस्थापन समितिको निर्णय मार्फत खर्च गर्ने स्पष्ट योजना सहित रकम माग गर्नुपर्नेछ ।

६.२ शिक्षा शाखाले मूल्याङ्कन गर्ने – शिक्षा शाखाले यसरी विद्यालयले स्व-मुल्याङ्कन गरी पेश गरेको फाराम स्थलगत रुपमा आवश्यक कागजात समेत हेरी प्रमाणिकरण गरी गाउँ शिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

६.३ गाउँशिक्षा समितिले मुल्यांकन गर्ने – शिक्षा शाखाबाट प्रमाणिकरण भइ प्राप्त भएको विद्यालयको स्व-मुल्याङ्कन फारामलाई गाउँशिक्षा समितिले मुल्याङ्कन गरी औचित्यता तथा केही विद्यालयको नमुना अवलोकन समेत गरि अनुदान निकासाका लागि सिफारिस गर्नुपर्ने छ।

६.४ अनुदान निकासा दिने - गाउँशिक्षा समितिले गरेको सिफारिसका आधारमा प्रमुख प्रशासकीय अधिकृतले अनुदानको शिर्षक खोली सम्बन्धित विद्यालयको खातामा निकासा गर्नुपर्नेछ।

६.५ अनुदान खर्च गर्नेः

६.५.१ विद्यालयले प्राप्त गरेको सशर्त अनुदान तथा एकमुष्ठ अनुदान रकम विद्यालयले सम्बन्धित शिर्षकमा नै खर्च गर्नुपर्ने छ।

६.५.२ विद्यालयले निश्चित सुचकको आधारमा प्राप्त गरेको कार्यसम्पादनमा आधारित अनुदानको रकम विद्यालयको शिक्षण सिकाइ, शैक्षिक सामग्री तथा विद्यालयको विकासमा प्रयोग गर्नुपर्ने छ। यस्तो अनुदान विद्यालयको भौतिक पूर्वाधार विकासको लागि खर्च गर्न पाइने छैन।

६.५.३ विद्यालयमा प्राप्त अनुदानको खर्चको त्रैमासिक तथा वार्षिक प्रतिवेदन गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ।

## परिच्छेद - ६
## विभिन्न निकायहरुको भूमिका

७. विद्यालय अनुदान व्यवस्थापन

विद्यालय जाने अनुदानको प्रभावकारी एवम् दक्षतापूर्ण उपयोगका लागि विभिन्न निकायहरुको दायित्व देहाय अनुसारको हुनेछः

७.१ गाउँकार्यपालिकाः

(क) यस कार्यविधि अनुसार विद्यालयले पाउने अनुदान रकम निर्धारण तथा विद्यालयसम्म प्रवाह गर्ने प्रवन्ध मिलाउने,

(ख) विद्यालयले प्राप्त गर्ने अनुदान सम्बन्धमा स्थानीय तहको शिक्षा शाखालाई आवश्यक समन्वय र मार्गदर्शन गर्ने,

(ग) विद्यालय अनुदान व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय तह तथा विद्यालयस्तरको क्षमता अभिवृद्धिमा सहजीकरण गर्ने,

(घ) यस कार्यविधिमा उल्लेख गरिएका विद्यालय अनुदान सम्बन्धि व्यवस्था प्रचलित नियमानुसार परिमार्जन गर्ने।

७.२ स्थानीय तहको शिक्षा शाखाः

(क) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने विद्यालय तथा विद्यार्थीको विवरण अद्यावधिक गर्ने,

(ख) विद्यालयले प्राप्त गर्ने अनुदानको एकिन गर्ने,

(ग) विद्यालयमा जाने अनुदान समयमै निकासा गर्ने,

(घ) विद्यालयमा निकासा भएको अनुदान तथा खर्च गर्ने आधारहरु विद्यालयलाई उपलब्ध गराउने र सो को सार्वजनिक गरि सरोकारवालाहरुलाई सुसुचित गर्ने,

(ङ) निकासा भएको अनुदान तोकिएको कार्यमा तोकिएवमोजिम उपयोग भएको छ, छैन सोको अनुगमन गरी नियमित रुपमा सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने,

७.३ विद्यालय व्यवस्थापन समितिः

(क) विद्यालय सञ्चालनका लागि आवश्यक स्रोत जुटाउने तथा परिचालन गर्ने,

(ख) वार्षिक योजना अनुरुप सञ्चालन हुने क्रियाकलापहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ग) तोकिएको ढाँचामा लेखा राखी नियमित लेखा परिक्षण गराउने ।

७.४ शिक्षक अभिभावक संघः

विद्यालयले वार्षिक रुपमा कार्यान्वयन गरेको कार्यक्रमहरुको प्रभावकारिता अभिवृद्धि गर्नुका साथै प्राप्त अनुदानको सदुपयोगको लागि सामाजिक परीक्षण गर्ने दायित्व शिक्षक अभिभावक संघको हुनेछ ।

७.५ प्रधानाध्यापकः

(क) विद्यालयको वार्षिक यो

जना तयार गर्ने,

(ख) विद्यालयको वार्षिक योजना तथा अनिवार्य दायित्व अन्तर्गतका सशर्त, एकमुष्ट तथा कार्यसम्पादनमा आधारित अनुदान माग गर्ने,

(ग) विद्यालयलाई प्राप्त अनुदान रकम आफ्नो वार्षिक योजना अनुसार तोकिएका कार्यक्रममा खर्च गर्ने,

(घ) विद्यालयको सबै आर्थिक कारोवारको तोकेको ढाँचामा लेखा राख्ने,

(ङ) वार्षिक रुपमा लेखा परीक्षण तथा सामाजिक परीक्षण गराउने र नियमित रुपमा गाउँकार्यपालिकाको कार्यालयमा प्रतिबेदन बुझाउने दायित्व विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

## परिच्छेद- ७
## विविध

८. संशोधन गर्नेः यस कार्यविधिमा कार्यपालिकाले स्वीकृत वजेट तथा कार्यक्रम, आवश्यकता र औचित्यताको आधारमा संशोधन गर्न सक्नेछ ।

**<u>आज्ञाले</u>**

खगेन्द्र भारती

प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका